गजुरी गाउँकार्यपालिकाको कार्यालय
गजुरी, धादिङ

# बालसंरक्षण नीति
## २०७९

गजुरी गाउँकार्यपालिकावाट पारित मिति : .............२०७९

गणेशलाल श्रेष्ठ
अध्यक्ष

**प्रस्तावनाः**

नेपालले बाल अधिकारको संरक्षणको लागि विभिन्न ऐन, नीति तथा कार्यक्रमहरूको व्यवस्था गरेको छ । गजुरी गाउँपालिका पनि बालबालिकाको सर्वाङ्गीण विकासको लागि संवेदनशिल रहेको छ ।स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम"कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने" व्यवस्था भए अनुसार यो बाल संरक्षण नीति निर्माण गरिएको हो । गजुरी गाउँपालिकाले बालबालिकाकालाई बालश्रम, बालविवाह, हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव, बेवास्ता, हेलचक्रयाइँ जस्ता बाल संरक्षणका सवालहरूबाट संरक्षण गरीउनीहरूको बालअधिकार प्रत्याभुति गर्न आवश्यक ठानिएकाले. यो **बालसंरक्षण नीति** निर्माण गरिएको हो । यो नीतिगजुरी गाउँकार्यपालिकाबाट स्वीकृति भएपश्चात्लागु हुनेछ । बालबालिकामाथि कसैले पनि बालअधिकार हनन् हुने क्रियाकलाप गर्न पाईने छैन ।

बाल अधिकारको संरक्षण र सम्बर्द्धन गर्न गजुरी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरू, गजुरीगाउँ कार्यपालिकाकासम्पूर्ण सदस्यहरू र यसका स्थानीय संरचनाहरू, बिभिन्न शाखाहरू, बिद्यालयहरू, स्वास्थ्य संस्थाहरू, गाउँपालिका स्तरीय बाल अधिकार समिति, गाउँ बालसंरक्षण समिति, वडा बालसंरक्षण तथासम्बर्द्धन उपसमिति, तथा बालबालिकाका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायमा रही काम गर्ने कर्मचारीहरू लगायत सवै सरोकारवालाहरूले यसको अनिवार्य पालन गर्नु पर्ने हुन्छ ।बालबालिकाहरूको संरक्षण गर्नका लागि बनाइएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति वा सन्धिहरूमा गरिएको प्रतिवद्धता पुरा गर्नका लागि चालिने कदमहरूलाई यस बालसंरक्षण नीतिले सम्बोधन गर्दछ ।

## भाग – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो बालसंरक्षण नीति भन्नाले" **गजुरी गाउँपालिकाको बाल संरक्षण नीति, २०७९**"सम्झनु पर्दछ ।

(२) यो बाल संरक्षण नीतिगाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) "अध्यक्ष" भन्नाले गजुरी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) "संरक्षण नीति" भन्नालेगजुरी गाउँपालिकामा कार्यरतबालबालिकाका क्षेत्रमा काम गर्ने निर्वाचित प्रतिनिधि, सरकारी तथा गैरसरकारी निकायमा रही काम गर्ने कर्मचारीहरू लगायत सबै सरोकारवालाहरूले अनिवार्य पालन गर्ने गरी निर्माण गरिएको बाल संरक्षण नीतिलाई जनाउने छ ।

(ग)"कार्यपालिका" भन्नाले गजुरी गाउँकार्यपालिका सम्झनु पर्छ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

(घ) "पदाधिकारी" भन्नाले गजुरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष,कार्यपालिकाका सदस्य तथा सभाका अन्य सदस्य समेतलाई सम्झनुपर्छ । यसशब्दले गाउँपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकैसमिति वा उपसमिति वा कार्यदलका सदस्यहरू समेतलाई सम्झनुपर्दछ ।

(ङ) ''कर्मचारी'' भन्नाले गाउँपालिकामा कार्यरत स्थायी, करार, दैनिक ज्यालादारी तथा स्वयम् सेवक कर्मचारीलाई समेत जनाउनेछ ।

(च) ''गैह्र सरकारी निकाय'' भन्नाले यस गाउँपालिकामा कार्यरत नेपालमा दर्ता भएका, अन्तर्राष्ट्रिय स्तरमा दर्ता भई त्यसमा आबद्ध कार्यरत सम्पुर्ण कर्मचारी तथा कार्यसमिति समेतलाई जनाउनेछ ।
(छ) "सभा" भन्नाले गजुरी गाउँसभालाई बुझाउनेछ ।
(ज) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको गाउँपालिका, गाउँपालिका रजिल्लासभा लाई सम्झनुपर्छ ।
(झ) "गाउँपालिका" भन्नाले गजुरी गाउँपालिकालाई जनाउनेछ ।

## भाग – २
## बाल संरक्षण नीतिको आधारहरू

### ३) हाम्रो प्रतिवद्धता

गजुरी गाउँपालिकाबालबालिकालाई शोषण, हिंसा, दुर्व्यवहार, र वेवास्ताबाट संरक्षण दिने हाम्रो प्रतिवद्धताको लागि निम्नानुसारका उपायहरू अवलम्बन गर्नेछौं :

- गजुरी गाउँपालिकाभित्र काम गर्ने सरकारी, गैरसरकारी,विद्यालय, निजी संघ संस्थाका सबै पदाधिकारी र कर्मचारीहरू बालसंरक्षणका सवाल (हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव, बालविवाह, बालश्रम) बाट उत्पन्न हुने समस्या र बालबालिकामाथि हुनसक्ने खतराबारे सचेत छन् भन्ने कुरा हामी सुनिश्चित गर्नेछौं ।
- सचेतना अभिवृद्धि गराएरसकारात्मक,असल व्यवहारको माध्यमबाट कर्मचारी तथासबैजनालेबालबालिकाप्रतिको जोखिमन्यूनीकरण गर्ने सुनिश्चिता गर्नेछौं ।
- बालबालिकाको संरक्षणको सम्बन्धमा चालिने कदम र प्रक्रियाबारे पदाधिकारी तथा बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरूका कर्मचारी तथा अन्य सरोकारवालाहरूस्पष्ट रहने छन् भनि सुनिश्चित गर्नेछौं ।
- बालबालिकाको संरक्षणसँग सम्बन्धितसमस्यालाई गम्भिर रूपमा लिई बालअधिकार सुनिश्चित गर्न प्रभावकारी कदम चालिनेछ ।
- बाल अधिकार हननका घटनालाईउजुरी प्रक्रियामा ल्याउने जो कोही व्यक्ति, संस्था, निकायको गोपनियतालाई कायम गरी सहयोगगरिनेछ । बालबालिकाहरूका सवालमा अनुसन्धान गर्दा बालबालिकाहरूको सर्वोत्तम हितको सिद्धान्तलाई मुख्य आधार मानिनेछ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

- जोखिममा रहेका बालबालिकाहरूको संरक्षण गर्न र यस सवालमा वकालत गर्न अभिभावक, आफन्त, समुदायदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा बालबालिकासंग काम गर्ने सस्था वा निकाय , विशेषज्ञसंग समन्वय र सहकार्य गरेर काम गरिनेछ ।
- कार्यक्षेत्रमा रहेका हरेक निकाय, संस्था, संगठन,संजाल र समुदायमा बालमैत्री व्यवहार गर्न सहजीकरण गर्नप्रोत्साहन गरिनेछ ।
- बालश्रमको अन्त्यका लागि रोकथाममुलक, चेतनामुलक कार्यक्रम सरोकारवालाहरूको समन्वय तथा सहकार्यमा बालश्रम अन्त्यको घोषणा गरिनेछ ।

**४) हाम्रा प्रतिबद्धता पुरा भएको कसरी सुनिश्चित गर्ने त ?**

- गजुरी गाउँपालिकामा बालबालिका सम्वन्धी काम गर्ने सरकारी तथा गैरसकारी संघ संस्थाका कर्मचारी, गाउँबाल संरक्षण तथा सम्वर्द्धन समितिका पदाधिकारी, वडाबाल संरक्षण तथा सम्वर्द्धन उप समितिहरू,गाउँपालिका पदाधिकारीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षकहरू, बालक्लवका पदाधिकारीहरू,सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिहरूले बालसंरक्षण नीतिबारे जानकारी भएको ।
- गजुरी गाउँपालिका,गाउँ सभाका सबै पदाधिकारी तथा सदस्यहरू गाउँपालिकामा क्रियाशील सरकारी तथा गैरसरकारी निकायका प्रमुख, राजनैतिक दलका प्रमुख वा प्रतिनिधिहरूले बालसंरक्षण सम्बन्धी आचारसंहितामा हस्ताक्षर गर्नेछन र सोको पालना गर्नेछन्।
- गजुरी गाउँपालिकाका सवै पदाधिकारीहरू तथासदस्यहरूले बालसंरक्षण सम्बन्धी आचारसंहिता पालना गर्नेछन् र गजुरी गाउँपालिकाभित्रका सम्पूर्ण क्षेत्रमा पालना गरे नगरेको अनुगमन गर्नेछन् ।
- गजुरी गाउँपालिकाभित्रकाराजनैतिक दल, सरकारी तथा गैरसरकारी निकाय,विद्यालय र गाउँ पालिकाका सबै निकायहरूले बालसंरक्षण नीतिमा हस्ताक्षर गरेर आफ्नो कार्यालयमा देखिने गरी राख्नेछन् ।
- गजुरी गाउँपालिकाका विभिन्न समितिहरू र शाखामा रहने कर्मचारीलाई बालसंरक्षण नीतिबारे जानकारी भएको हुनुपर्ने ।
- बालमैत्री व्यवहार गरिनुपर्ने
- बालदुर्व्यवहार भएमा उजुरी गर्ने निकाय र प्रक्रियाको बारेमा बालबालिका, अभिभावक, सम्बन्धित सरकारी र गैरसरकारी निकायलाई जानकारी भएको हुनेछ ।
- बाल अधिकार हननको घटना सुचित/उजुरी भएपछि आवश्यक छानविन गर्ने र सोको व्यवस्थापन गर्न सिफारिस/सहयोग संयन्त्रको स्थापना गरिनेछ ।
- यी प्रतिवद्धता सुनिश्चित गर्नका लागि गजुरी गाउँपालिकाले बालसंरक्षणका सवालमा क्षमता अभिवृद्धि गर्ने तालिम, गोष्ठी र छलफल कार्यक्रमहरूको आयोजना गर्ने, समन्वय र सहभागी गराउने काम गर्नेछ ।
- यसै बालसंरक्षण नीतिको आधारमा गाउँपालिकामा रहेका समुदाय, विद्यालय, स्थानिय संस्थाहरू र बालबालिकासँग सम्बन्धित संस्थाहरूमा बालसंरक्षण नीति बनाउन सहजीकरण गरिनेछ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

## ५. बालसंरक्षण नीतिको लक्ष्य :

- बालबालिका माथि हुने जोखिम र बालदुर्व्यवहारजन्य समस्या र समाधानको बारेमा चेतना बढाउने ।
- बालबालिकालाई दुर्व्यवहार हुनबाट बचाइ प्रभावकारी ढंगले काम गर्न मार्गनिर्देशन गर्ने ।
- हिंसा,दूर्व्यवहार, शोषण, भेदभाव र बालश्रममा परेका बालबालिकाको पुर्नस्थापना गर्न सहयोग गर्ने ।
- बालसंरक्षणको सवालमा सबै पदाधिकारीहरूबालबालिकाका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायका कर्मचारी र यस गाउँपालिकासँग सम्बन्धित सबैव्यक्तिहरूलाई सचेत र सजग बनाउने ।
- बालसंरक्षण नीति बनाउनका लागि अन्य संस्था वा निकायलाई सहजीकरण गरी बालसंरक्षण नीतिको उल्लङ्घन हुन नदिनका लागि सहजीकरण गर्ने र उल्लङ्घन भएमा आवश्यक कारबाही गर्ने प्रक्रियालाई अगाडि बढाउने ।

## ६.बालसंरक्षण नीतिका क्षेत्रहरू

बालअधिकारको संरक्षण र प्रबर्द्धन गर्ने मुख्य दायित्व राज्यको हो सो दायित्व प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारको भएकोले यो नीतिले गाउँपालिकाको प्रत्यक्ष अप्रत्यक्षसर्म्पकमा आउने बालबालिका जो दुर्व्यवहारमा परेका र पर्न सक्ने खतरामा छन् उनीहरूप्रति पूर्ण जिम्मेवार छ भनि व्याख्या गरेको छ ।यस नीतिमा समावेश भएका निर्देशनहरूगजुरी गाउँपालिकाको पदाधिकारी, वडासमितिका सबै पदाधिकारी, कर्मचारी, सामाजिक कार्यकर्ता , स्वयम्सेवक, शिक्षक वा संस्था प्रतिनिधिहरूलाई लागु हुनेछ । आफ्नो कार्यक्षेत्र वा सम्पर्क भन्दा बाहिरका बालबालिकाहरूका संरक्षणका सवालहरू पनि यो नीतिमा समावेश गरिएको छ । यस नीतिले बालदुर्व्यवहारबाट बचाउनको लागि उचित व्यवहारको प्रदर्शन र आचारसंहिताको पालनाका सम्बन्धमा पनि निर्देशन दिएको छ । त्यसैले गजुरी गाउँपालिकामाकाम गर्ने जो कसैले पनि यो नीति पालना गरे नगरेको वा कार्यान्वयनमा ल्याए नल्याएको अनुगमन गरिनेछ । यस गजुरी गाउँपालिकामा रहेका बालबालिकाहरूको संरक्षणको अवस्था राम्रो भएको वा नभएको कुरा सुनिश्चित गर्नुपर्दछ ।

## ७. बालबालिकासँग काम गर्दा अपनाईने मूल्य,मान्यता तथा सिद्धान्तहरू :

क) बालबालिकाको संरक्षण गर्नु उनीहरूको अधिकारको प्रवर्द्धन गर्नु हो । गजुरी गाउँपालिकाका बालबालिकाकोअधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि निम्न कुराहरूमा विश्वास गर्दछ ।

**अविभेदीकरण**:प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर-समुह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

**बालबालिकाको सर्वोत्तम हित**:शासन सञ्चालनका हरेक तह र प्रक्रिया तथा नीति निर्माण र निर्णय प्रक्रियाका हरेक चरणमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिनेछ । सार्वजनिक तथा नीजि सेवा प्रवाह, विकास गतिविधि, समाज तथा घरपरिवारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गरिनेछ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

**बालबालिकाको सर्वाङ्गीण विकास:**बाल बचाउ र विकासको सन्दर्भमा जिउने र उनीहरूको सर्वाङ्गीण विकासको उच्चतम् अधिकार रहने कुराको सुनिश्चितता गर्न कुनैपनि बालबालिका जन्मेपछि निजको नाम र जन्म दर्ताको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, बालश्रम विरूद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गरिनेछ ।

**बालबालिकाको विचारको सम्मान र सहभागिता:**बालबालिकासँग सम्बन्धित सवालहरूमा शासन सञ्चालनको प्रत्येक तह र प्रक्रिया एवं नीति निर्माण तथा निर्णय प्रक्रिया र स्थानीय तहको योजना चक्रका हरेक चरणमा बालबालिकालाई परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान र सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

# भाग ३

## बाल संरक्षण सम्बन्धी आचार संहिता

**८) गजुरी गाउँपालिकाको बालसंरक्षण सम्बन्धी आचार संहिता :**

गजुरी गाउँपालिकाका पदाधिकारी, बाल संरक्षण समिति/उपसमिति तथा बालबालिकाको सम्पर्कमा रहने कर्मचारी, कार्यरत संघ सस्था र अन्य व्यक्तिहरूले यो आचार संहिताको पालना गरी निम्नानुसारका कामहरू अनिवार्य गर्नुपर्दछ :

- बालबालिकासँग सम्बन्धित काम गर्दा बालबालिकालाईसम्पूर्ण कुराहरू प्रष्ट पारिदिनुपर्दछ ।
- बालबालिकसँग काम गर्दा कुनैपनि खतरा वा जोखिम नहुने कार्यस्थलको छनोट गर्ने, कार्ययोजना बनाउने र व्यवस्थापन गर्ने काम गर्नुपर्दछ ।
- योजना,कार्यक्रम वा क्रियाकलापले बालबालिकालाई जोखिममा पार्नेसम्भावना छ भने त्यसका बारेमा बालबालिका र सम्बन्धित सरोकारवालाहरूलाई पूर्व जानकारी गराउनुपर्दछ ।
- बालबालिका माथि कुनैपनि प्रकारको समस्या आइपरेमा त्यसको समाधानको लागि उनीहरूको चाहना, इच्छा र आवश्यकतामाती बालबालिकाहरूसंगै बसेर छलफल गर्ने र त्यही अनुसारको सहयोग जुटाउन सहजीकरण गर्नुपर्दछ ।
- बालबालिकाहरूले बाल दुर्व्यवहार सम्बन्धी कुनैपनि सवाल उठाइ छलफल गर्न सकिने खुला, सहज, सुरक्षितर गोप्य वातावरण तयार पार्ने ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

- बालबालिकालाई श्रममा प्रयोग नगर्ने र नगराउने ।
- बालबालिकाको पक्षमा क्रियाकलाप र निर्णय गर्दा गराउँदा बालसंरक्षण र बालबालिकाहरूको सर्वोत्तम हितलाई ध्यान दिनु पर्दछ ।
- बालबालिकाहरूसँग सम्बन्धित सुचनाहरू गोप्य राख्नुपर्दछ र उनीहरूसँग छलफल गरेर, त्यसको फाइदा र बेफाइदा केलाएर मात्र आवश्यकतानुसार आवश्यक व्यक्ति, निकाय वा संस्थाहरूलाई जानकारी दिनुपर्दछ ।
- बालबालिकाहरूसँग सम्बन्धित काम गर्दा योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, समिक्षा गर्ने र उपलब्धीको मापन गर्ने प्रक्रियामा बालबालिकाहरूलाई सहभागी गराउनुपर्दछ ।
- बालबालिकासँग बालमैत्री व्यवहार गर्नुपर्छ ।
- बालबालिकालाई समान व्यवहार गर्नुपर्छ ।
- बालबालिकाको भावनाको कदर गर्नुपर्छ ।

**९)गजुरी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरू, कर्मचारीहरू र सामाजिक कार्यकर्ताहरूले गर्न नहुने कुराहरू :**

- बालबालिकालाई कुट्ने, पिट्ने, दुर्व्यवहार र बेवास्ता हुने खालको व्यवहार,
- परिवार वा संरक्षकबाट टाढा वा एक्लै राखेर बालबालिकासँग चाहिने भन्दा बढी समय बिताउने,
- बालबालिकाहरूसँग शारीरिक सम्बन्ध वा यौन सम्बन्ध राख्ने,
- बालबालिकाहरूलाई अप्ठेरो लाग्ने , मानसिक वा शारीरिक पीडा दिने किसिमका कुनैपनि यौनजन्य वा अन्य दुर्व्यवहार गर्नुहुँदैन र यौन आशय बोकेका कुनैपनि भाषा प्रयोग,
- बालबालिकाहरूलाई यौन इच्छा जगाउने वा यौन क्रियाकलाप गर्न उत्प्रेरित गर्ने कुनैपनि व्यवहार गर्नु वा गर्न लगाउनु,
- बालबालिकाहरूलाई अश्लिल फोटो, फिल्म, चित्र देखाउने,
- बालबालिकालाई सामाजिक संजालको प्रयोगगरी विद्युतीय अपराध गर्ने,
- बालबालिकाहरूलाई हीनताबोध हुने, न्यास्रो लाग्ने, लज्जित बनाउने,मनोभावनामा चोट पुग्ने कुनैपनि क्रियाकलाप, व्यवहार वा भाषा प्रयोग,
- बिना संरक्षक बालबालिका (विशेषतः बालिकालाई)राति बास बसाउने,
- बालबालिकाहरूलाई दुर्व्यसनतिर वा कुलततिर उत्प्रेरित गर्ने खालको क्रियाकलाप,
- बालबालिकाहरूलाई श्रमिकको रूपमा राख्ने, उनीहरूको क्षमता भन्दा बढि काम लगाउने, विद्यालय नपठाउने , स्वास्थ्य स्थितिमा ख्याल नगर्ने,
- बालबालिकाहरूसंग सम्बन्धित सुचना वा जानकारीहरू उनिहरूको इच्छा र हित विपरीत बाहिर ल्याउने,
- एक बालबालिकालाई अर्को बालबालिकासँग तुलना गरेर बोल्ने,

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

- बालबालिकाहरूलाई अपमानित गर्ने किसिमका उपनामहरू दिएर बोलाउने,
- कुनै बालबालिकाहरूलाई विशेष स्नेह, माया देखाउने र कुनै बालबालिकाहरूलाई बेवास्ता गर्ने किसिमको व्यवहार वा भाषा प्रयोग गर्ने,
- बालबालिकाहरूले आफूलाई वा अरू बालबालिकाहरूलाई भएको दुर्व्यवहारको घटना बताउन लागेको बेला हाँस्ने वा भन्न रोकिदिने,
- बालबालिकाहरूबाट हुनसक्ने गैह्रकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई प्रोत्साहित गर्ने कार्य,
- बालबालिकाहरूको हित विपरीत हुने कुनैपनि निर्णय प्रक्रियामा सहभागी,
- बालबालिकाहरूलाई जोखिममा पार्ने कुनैपनि क्रियाकलाप वा व्यवहारगर्न नहुने ।

## भाग ४

## उजुरी तथा सुनुवाइप्रक्रिया

**१०)गजुरी गाउँपालिकापदाधिकारी, कर्मचारी, सामाजिक कार्यकर्ता वा जो कसैले पनि बालसंरक्षण नीतिको उल्लङ्घन गरेमा**

- बालबालिकाहरूलाई यौन दुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको क्रियाकलाप गरेमा सम्बन्धित आरोपित व्यक्तिलाई गजुरी गाउँपालिकाले छानबिन गरी स्पष्टीकरण लिनेछ र सचेत हुनका लागि लिखित पत्र दिइनेछ । घटना प्रमाणित भएको खण्डमा निलम्बन गरी कानुनी कारबाहीको प्रक्रिया अघि बढाइनेछ ।
- बालबालिकालाई यौन दुर्व्यवहार वा जटिल घटना भएको खण्डमा गजुरी गाउँ कार्यपालिकाले बालसंरक्षण समितिको परामर्शमा आरोपितलाई कानुनी कारबाहीका लागि प्रक्रिया अगाडि बढाइनेछ ।

**११) यौनजन्य वा अन्य दुर्व्यवहारका घटनाहरूबारे सुनुवाइ हुने प्रक्रिया :**

- यस गजुरी गाउँपालिकाको पदाधिकारीहरू, कर्मचारीहरू, सामाजिक कार्यकताले यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहार गरेको अवस्थामा सम्बन्धितगाउँ स्तरीय बाल संरक्षण समिति मार्फतगाउँपालिका अध्यक्षलाई जानकारी गराउनुपर्नेछ ।
- वडा सदस्य, वडा कार्यालयका कर्मचारी वा वडा भित्रका जो कसैले यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहार गरेको अवस्थामा सम्बन्धित वडा अध्यक्षलाई वडा स्तरीय बालसंरक्षण उपसमिति मार्फत वडा अध्यक्षलाई जानकारी गराउनुपर्नेछ ।
- गजुरी गाउँपालिकाको प्रमुखसमेतले बालयौन वा अन्य दुर्व्यवहार गरेको अवस्थामा गाउँ कार्यपालिकामा जानकारी गराउनु पर्नेछ त्यसपछिको निर्णायकगाउँकार्यपालिका वैठक बन्नेछ ।
- बालबालिका माथि भएका यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारका घटनाको बारेमा बालबालिका स्वयमले वा उनीहरूका सरोकारवालाहरूले सम्बन्धित पदाधिकारीहरूलाई सोझै भेटेर, फोन मार्फत,

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

चिठीमार्फत वा ईमेलमार्फत जुन सजिलो लाग्दछ त्यही माध्यमबाट घटनाको बारेमा जानकारी गराउन सकिनेछ ।

**(यी सुचना उपलब्ध गराउने सुचनाका श्रोतहरू गोप्य राखिनेछ ।)**

**१२) बालबालिका माथि यौन दुर्व्यवहारको घटनाको बारेमा जानकारी हुन आएमा नगरपालिकाले गर्ने कारबाहीको प्रकृति :**

- दोषी व्यक्ति वडासमिति, वा गाउँपालिकाको पदाधिकारीहरू वा कर्मचारीहरू र बालअधिकारको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैरसरकारी निकायका कार्यकर्ताहरू भएमा दुर्व्यवहारको प्रकृति र गम्भीरता हेरेर निज दोषीलाई पदिय जिम्मेवारीवाट बरखास्तसम्म गर्न सकिनेछ ।
- दोषी व्यक्तिगजुरी गाउँपालिकाका पदाधिकारी तथा वडा समितिका सदस्यहरूभएमा गाउँ कार्यपालिका बैठक बोलाएर निजलाई स्पष्टीकरण सोधिने छ र कानुनी कारबाहीका लागिगाउँपालिका स्वयम्ले प्रक्रिया अगाडि बढाउनेछ।
- माथि उल्लेखित दुबै प्रकृत्रिका व्यक्तिहरूलाई देशको प्रचलित कानुन बमोजिम कारबाही अगाडि बढाइनेछ ।
- गाउँपालिकामा काम गर्ने सरकारी तथा गैरसरकारी निकायका कर्मचारीको हकमा सम्बन्धित व्यक्तिका बारेमा स्थानीय स्तरदेखि राष्ट्रियस्तरसम्मका सम्पर्कमा रहेका सबै सरकारी तथा गैरसरकारी संघसस्थाहरूलाई लिखित वा मौखिक जानकारी गराइनेछ ।
- माथि उल्लेख गरिएका सबै प्रक्रिया पुरा गर्दा बालबालिकाहरूको गोपनियताको, सुरक्षा र संरक्षणको प्रत्याभुति गरिनेछ ।

**१३.गाउँपालिकाभित्र बालयौन दुर्व्यवहार वा अन्य खाले दुर्व्यवहारको घटना घटेमा :**

दुर्व्यवहारबाट प्रभावित बालक अथवा बालिकाले आफै सूचना दिन चाहेमा अथवा बालक्लव, बालक्लब सञ्जाल, बालसंरक्षण समिति, विद्यालय व्यवस्थापन समिति, युवा समूह वा सञ्जाल , अभिभावक वा समुदायका कुनैपनि व्यक्ति वा संरचनाले सूचना दिन चाहेमा :

- सोझै वडा समितिको कार्यालय वा गाउँकार्यपालिकाको कार्यालयमा जानकारी दिन सक्नेछन । यसका लागि उनीहरूले आफुहरूलाई सजिलो लाग्ने सञ्चारको माध्यम प्रयोग गर्न सक्नेछन ।
- गाउँकार्यपालिका पदाधिकारीहरू, कर्मचारीहरू तथा अन्य सरकारी तथा गैरसरकारी निकायका कर्मचारी वा पदाधिकारीहरूले बालदुर्व्यवहारको घटना बारे जानकारी पाए पछि तत्काल गाउँपालिका अध्यक्ष र गाउँ स्तरीय बाल अधिकार समितिको अध्यक्षलाई जानकारी गराउनेछन् ।
- गाउँन्यायिक समितिका संयोजक एवं गाउँकार्यपालिका उपाध्यक्षलेगाउँपालिका स्तरीय बाल अधिकार समितिको सहयोगमा घटनाको छानविन गरी आवश्यक कारबाहीका लागि प्रक्रिया अगाडि बढाउनेछ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

- समुदायको व्यक्ति बालदुर्व्यवहारमा संलग्न भएको अवस्थामा वडा तथा गाउँपालिकाले यस बालसंरक्षण नीतिको अवलम्बन गरी उपयुक्त कारबाही प्रक्रिया अगाडि बढाउनेछ ।
- घटनामा संलग्न व्यक्ति दोषी ठहर भईसकेपछि गाउँपालिकाले बालबालिकाहरूको उच्चतम हितलाई सर्वोपरि ठानी यस बाल संरक्षण नीति बमोजिम उपयुक्त कारवाही प्रक्रिया अगाडि बढाउनेछ ।
- प्रभावित बालबालिकाहरूको कानुनी तथा सामाजिक न्यायका लागि सहयोग गर्नेछ ।

## भाग ५

## विविध

**१४. बालबालिकासँग सम्पर्कमा आउँदा निम्न कुराहरूमा ध्यान दिनुपर्छ :**

- बालबालिकालाई सम्मानपुर्वक व्यवहार गर्ने तथा अधिकार प्राप्त व्यक्तिको रूपमा मान्यता दिने,
- बालबालिकालाई सकारात्मक दृष्टिले हेर्ने तथा विशेष आवश्यकता भएका अधिकार प्राप्त तथा फरक रूपमा योगदान दिन सक्ने व्यक्तिको रूपमा मान्यता दिने,
- बालबालिकासँग आपसी विश्वास र सम्मानमा आधारित भएर सहयोग तथा अर्थपूर्ण सहभागिताको भावनाका साथ काम गर्ने,
- बालबालिकाको भावनालाई उचित सम्मान दिई गम्भीर रूपमा लिने,
- बालबालिकाहरूको यथार्थ परिवेश बुझ्ने,
- बालबालिकाहरूमा अर्न्तनिहित क्षमताको प्रस्फुटन गराई योग्यता अभिवृद्धि गर्ने ।

**१५. गोपनीयता :**

यस नीति अर्न्तगत व्यवहार गरिने सम्पूर्ण कुराहरूमा गोपनीयताको कदर गरिनु आवश्यक छ । कुनै परिस्थितिमा गोपनीयता भएन भने बालबालिकाको जीवनमा नकारात्मक प्रभाव पर्न सक्छ । यस प्रक्रियामा सम्बद्ध वयस्कहरूका लागि त्यसले गम्भीर परिणाम निस्कन सक्छ । सम्भावित दुर्व्यवहारबारे सवाल उठाउँदा तथा समस्याहरूबारे काम गर्दा, गाउँकार्यपालिकाकासबै पदाधिकारीहरूले साथै अन्य व्यक्तिहरूले सुचनाको रक्षा गर्ने कुरामा अत्यधिक सावधानी अपनाउनुपर्छ र त्यस्ता सुचना यस नीतिमा वर्णन गरिएको प्रतिवेदन प्रक्रियाद्वारा यसबारे जानकारी जसले पाउनुपर्ने हो त्यो व्यक्तिसम्म मात्र पुऱ्याउनुपर्छ । त्यस्तो सुचनालाई अनावश्यक रूपमा सार्वजनिक गर्नुहुँदैन ।यो नीतिको आधारमा सम्पूर्ण गुनासोमा आएको कुराहरुको सूचनागोपनीयता रहनेछ । गुनासो सुनाइ संयन्त्र वडा तह र गाउँपालिका तहमा गठन गर्न सकिने व्यवस्था रहेको छ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष